म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१६ अङ्क:- ४३ २०८१ पुस १५ गते सोमबार 30 December 2024, Monday - पृष्ठ ४ मूल्य रू. ५/-

## दुर्घटनामा गोम्बाको मृत्यु

हेटौंडाः मकवानपुरको राक्सिराङ गाउँपालिका-५, चाक्ले बगरमा बोलेरो पिकअप गाडी दुर्घटनामा गम्भीर घाइते भएका कैलाश गाउँपालिका-३ का ५६ वर्षीय शान्तबहादुर गोम्बाको उपचारको क्रममा मृत्यु भएको छ। आइतबार दिउँसो २ बजेर ३० मिनेटको समयमा ब्रेक फेल भएर दुर्घटना हुँदा बोलेरो धनी गोम्बाको उपचारको क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ। मनहरीबाट कैलाश गाउँपालिकातर्फ जाँदै गरेको सु प प्र ०१-००१ च २९४६ नम्बरको बोलेरो दुर्घटनामा गम्भीर घाइते भएका गोम्बाको उपचारको क्रममा मनहरी अस्पतालमा मृत्यु भएको प्रहरीले जनाएको छ। मृतकको शव हेटौंडा अस्पतालको शवगृहमा राखिएको छ। बोलेरोमा ८ जना सवार थिए। बोलेरोमा सवार ७ जनाको अवस्था सामान्य रहेको र बलेरो चालकको खोजी कार्य भइरहेको प्रहरीले जानकारी दिएको छ।

### 'आत्महत्या न्यूनिकरण तथा व्यवस्थापन सम्बन्धी 'अन्तरक्रिया

## आत्महत्या हुने मुलुकमा नेपाल सातौं स्थानमा



*अन्तरक्रियामा सहभागी सरोकारवाला ।*

समाज संवाददाता

हेटौंडाः आत्महत्याका घटना न्यूनीकरण तथा व्यवस्थापन कार्ययोजना सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ। शुक्रबार जिल्ला प्रशासन कार्यालय मकवानपुरको सभाहलमा जिल्ला प्रहरी कार्यालय मकवानपुरको आयोजनामा आत्महत्याका घटना न्यूनीकरण तथा व्यवस्थापन कार्ययोजना सम्बन्धी कार्यक्रम भएको प्रहरी नायव उपरिक्षक श्यामु अर्यालले जानकारी दिनुभयो।

कार्यक्रममा आत्महत्याका घटना न्यूनीकरण तथा व्यवस्थापन कार्ययोजना सम्बन्धी अन्तरक्रियासहितको प्रस्तुतीकरण प्रहरी उपरीक्षक विश्वराज खड्काले गर्नु भएको थियो। आत्महत्याको बढ्दो दरलाई न्यूनिकरणका लागि कार्यक्रम आयोजना गरिएको उहाँले बताउनुभयो। पछिल्लो समय बढी आत्महत्या हुने मुलुकहरुमा नेपाल ७ नम्बरमा रहेको र लैंगिक रुपमा पुरुषभन्दा महिलाले बढी आत्महत्या गर्ने गरेको तथ्यांकमा उल्लेख छ। महिलाहरुको आत्महत्या दर अनुसार महिलाहरुले आत्महत्या गर्ने तेस्रो स्थानको मुलुक हो नेपाल। हरेक ४० सेकण्डको अन्तरमा विश्वमा एक जनाले आत्महत्या गर्ने गरेका तथ्यांकले देखाउँछ। विशेषगरी २१ वर्षदेखि ३० वर्ष उमेर समूहका व्यक्तिले आत्महत्या भइरहेको सर्वेक्षणहरुको रिपोर्ट रहेको छ।

आर्थिक, सामाजिक तथा मानसिक कारणले नेपालमा आत्महत्याको दर बढिरहेको प्रमुख जिल्ला अधिकारी तीर्थराज चिलुवालले जानकारी दिनुभयो। कार्यक्रमको प्रमुख आतिथिको भूमिकामा रहनुभएका उहाँले आत्महत्या चुनौतिको रुपमा देखिएको बताउनुभयो। मकवानपुरमा केही समययता आत्महत्याको दर कम भएपनि न्यूनीकरणमा अग्रसर हुन जरुरी रहेको उहाँले बताउनुभयो। उहाँका अनुसार विद्यालयस्तरबाटै पाठ्यक्रममा समावेश गरेर आत्महत्या न्यूनीकारणको प्रयासहरुलाई अघि बढाउन जरुरी रहेको छ। मनोपरामर्शको क्षेत्रमा लगानी गरेर नागरिकहरु समक्ष परामर्श सेवालाई पुऱ्याउनुपर्ने उहाँको भनाई छ। सबै निकायहरुको समन्वयमा आत्महत्या न्यूनीकारण तथा व्यवस्थापनको क्षेत्रमा काम गर्नुपर्ने उहाँले बताए।

पारिवारिक विचलन र आर्थिक तथा सामाजिक प्रतिष्ठाका कारण आत्महत्याका घटना भइरहेको उहाँले बताउनुभयो। मध्यम र गरिब परिवारका व्यक्तिहरुबाट आत्महत्याको प्रयास र घटना भइरहेको उहाँले बताए। आत्महत्या न्यूनिकारण तथा व्यवस्थापनका लागि योजना, रणनीति तथा कार्ययोजनासहित काम भइरहेको प्रमुख जिल्ला अधिकारी चिलवालले बताउनुभयो।

कार्यक्रममा सशस्त्र प्रहरी गण नम्बर १४ हेडक्वाटरका प्रमुख प्रहरी नायव उपरीक्षक ज्ञान प्रसाद भुर्तेल, मनोचिकित्सक डा. उद्धव लामा, जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रका चिकित्सक ललिता पाण्डे, सामुदायिक सेवा केन्द्र मकवानपुरका अध्यक्ष राम विष्ट, गैरसरकारी संस्था महासंघ मकवानपुरकी अध्यक्ष रमिला सापकोटालगायत विभिन्न सरोकारवाला संघ-संस्थाका प्रमुख तथा प्रतिनिधिहरुको सहभागितामा रहेको थियो।

### हेटौंडा 'अस्पतालको स्वामित्व विवाद

## जग्गा नामसारी गर्ने प्रतिष्ठानको योजनामा मालपोतको अड्को

जमुना तामाङ

हेटौंडाः २०७६ साल असोज २ गते बागमती प्रदेशसभाले मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन-२०७६ निर्माण गऱ्यो। उक्त ऐन निर्माणपछि बागमती प्रदेश सरकारको गौरवको आयोजना मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान विवादमा छ।

विसं २०१६ सालमा निर्माण भएको मकवानपुरको एकमात्र सरकारी अस्पतालको रुपमा रहेको हेटौंडा अस्पताललाई प्रतिष्ठान अन्तर्गत लगेर सरकारी सम्पत्ति निजीकरण गरिएको भन्दै विवाद भइरहेको छ। यतिमात्र होइन, हेटौंडा अस्पतालको नाममा रहेको ४ विगाह १६ कठ्ठा जग्गासमेत मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको नाममा नामसारी गर्ने प्रयास गरेकोसमेत खुलेको छ।

मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन-२०७६ संशोधन तथा खारेजको माग गर्दै हेटौंडा अस्पताल बचाउ तथा सुधार अभियान मकवानपुरले लामो समयदेखि आवाज उठाउँदै आएको छ। शनिबार हेटौंडामा पत्रकार सम्मेलन गर्दै हेटौंडा अस्पताल प्रतिष्ठान मातहत गएपछि सरकारी सम्पत्ति व्यक्तिको नाममा बनाउन कानुनले बन्देज गरेको भए पनि प्रतिष्ठानले आफ्नो नाममा अस्पतालको जग्गा ल्याउन मालपोत कार्यालयसम्म धाएको जनाइएको छ। मालपोत कार्यालय मकवानपुरले कानुन विपरित जग्गा नामसारी गर्न नसकिने बताएपछि हेटौंडा अस्पतालको जग्गा प्रतिष्ठानको बनाउने योजना बिफल बनेको अधिवक्ता केशवप्रसाद गौतमले जानकारी दिनुभयो।

अधिवक्ता केशवप्रसाद गौतमले हेटौंडा अस्पतालको स्वामित्वको विषयलाई लिएर गत भदौ २६ मा सर्वोच्च अदालतमा दायर गरेको मुद्दामा प्रधानन्यायाधीश प्रकाशमान सिंह राउत, न्यायाधीशहरु सपना प्रधान मल्ल, कुमार रेग्मी, हरिप्रसाद फुयाँल र डा. मनोजकुमार शर्माको संवैधानिक इजलासबाट विपक्षीको नाममा कारण देखाउ आदेशसमेत जारी गरिसकेको छ। तर, सरकारले निर्माण गरेको ऐन अपत्तिजनक रहेको भन्दै आवाज उठिरहेको बेला हेटौंडा अस्पतालको स्वामित्व विवादको विषयमा बागमती प्रदेश सरकारले बेवास्ता गर्दै आइरहेको हेटौंडा अस्पताल विकास समितिका पूर्वअध्यक्ष प्रकाश पौडेलले जानकारी दिनुभयो।

कारण देखाउ आदेश जारी गर्दा पनि तत्काल बैठक बसेर उक्त ऐन खारेज गर्नुको सट्टा सरकारले निर्माण गरेको ऐनको बचाउमा सरकार लागिपरेको दावी गरिएको छ। सत्तामा नहुँदा उक्त ऐन खारेज गर्नुपर्ने माग गर्दै आएको नेपाली कांग्रेस अहिले सरकार विघटन हुने डरले उक्त ऐनको बचाउमा लागेको आरोप लगाइएको छ।

बागमती प्रदेश सरकारलाई अख्तियार दुरुपयोग अनुन्धान आयोगले हेटौंडा अस्पतालका निर्देशक रामचन्द्र सापकोटाले पदीय मर्यादा विपरित अनियमितता गरेको भन्दै कारवाहीका लागि निर्देशन गरे पनि हालसम्म बागमती सरकारले कारवाही नगरेको आरोप छ।

## चोरीको मोटरसाइकलसहित २ जना पक्राउ

समाज संवाददाता

हेटौंडा : चोरीको मोटरसाइकलसहित मकवानपुर प्रहरीले २ जनालाई पक्राउ गरेको छ। चोरीको मोटरसाइकलसहित हेटौंडा-९, लामसुरेहाईटका २४ वर्षीय सविन मिजार र सर्लाही जिल्लाको बागमती गाउँपालिका-२ का २४ वर्षीय शरद कुमार श्रेष्ठलाई मकवानपुर प्रहरीले पक्राउ गरेको जनाएको छ।

२०८० साल मंसिर ३० गते काठमाडौंको रविभवनमा पार्किङ गरिराखेको अवस्थामा चोरी भएको बागमती प्रदेश ०२-०२८ प ९३७१ नम्बरको केटीएम ड्युक मोटरसाइकलसँगै प्रहरीले सविनलाई शनिबार दिउँसो १ बजेको समयमा हेटौंडा-१०, बसपार्क क्षेत्रबाट पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ। मकवानपुर जिल्ला अदालतबाट ३ दिन म्याद अनुमति लिई हिरासतमै राखेर अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ। सविनले हेटौंडा-१९, बस्तीपुरमा सिमाने अटो पार्टस् समेत सञ्चालन गर्दै आएका छन्।

यस्तै मिति २०८१ साल भदौ २९ गते ललितपुर जिल्लाको सातदोबाटोमा पार्किङ गरिराखेको प्रदेश २-०३-०१२ प ६२६८ नम्बरको पल्सर एनएस मोटर साइकल चोरी भएको थियो। प्रहरीले शनिबार साँझ ५ बजेको समयमा चोरी भएको भनिएको मोटरसाइकलसहित हेटौंडा-८, कमाने किरनचोकबाट प्रहरीले शरद कुमार श्रेष्ठलाई पक्राउ गरिएको जनाएको छ। मकवानपुर जिल्ला अदालतबाट ५ दिनको म्याद अनुमती लिई थप अनुसन्धान कार्य भइरहेको प्रहरीले जानकारी दिएको छ।

## मनहरीमा बाघको आक्रमणबाट वृद्धाको मृत्यु

समाज संवाददाता

हेटौंडा : मकवानपुरको मनहरी गाउँपालिका-५, बसन्तपुरमा बाघको आक्रमणबाट एक वृद्धाको मृत्यु भएको छ। आइतबार साँझ घर नजिकै घाँस काट्न गएकी ७२ वर्षीया कान्छीमाया रुम्बाको बाघको आक्रमणबाट मृत्यु भएको हो।

मनहरी गाउँपालिकाका निवर्तमान अध्यक्ष एकराज उप्रेतीका अनुसार बाघको आक्रमणबाट टाउको र पेटमा केही भाग बाघले खाएको अवस्थामा वृद्धाको शव भेटिएको हो। मनहरी गाउँपालिका पर्सा राष्ट्रिय निकुञ्ज र चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रको रुपमा रहेको छ। वन्यजन्तुको आक्रमणका लागि उच्च मानव वस्ती जोखिममा रहेको उप्रेतीको भनाइ छ। केही समयअघि रोगी बाघलाई भैंसीले आक्रमण गरेर मारेको घटनाले समेत मनहरी चर्चामा रहेको थियो। वन्यजन्तुको बढ्दो आक्रमणबाट स्थानीय त्रसित रहेको उहाँले जानकारी दिनुभएको छ।

### लागूऔषध सेवन गरी सवारी चलाउँदै

## ३ जना चालक हेटौंडाबाट पक्राउ




*लागूऔषध सेवन गरी सवारी चलाएको अभियोगमा पक्राउ परेका तीनजना ।*

समाज संवाददाता

हेटौंडा : लागूऔषध सेवन गरी सवारी चलाउने ३ जना चालकलाई प्रहरीले हेटौंडाबाट पक्राउ गरेको छ। शुक्रबार दिउँसो १२ बजेर ४५ मिनेटको समयमा जिल्ला ट्राफिक प्रहरी कार्यालय मकवानपुर, जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी र स्वास्थ्यकर्मीको संयुक्त खटिएको प्रहरी टोलीले पूर्व-पश्चिम राजमार्गअन्तर्गत हेटौंडा-११, थानाभऱ्याङबाट उनीहरुलाई पक्राउ गरेको हो।

प्रहरीले ना ६ ख ३१२४ नम्बरको ट्रक चालक सर्लाही जिल्लाको हरिवन नगरपालिका-७ का ३१ वर्षीय अनराज कार्की, ना ६ ख १७२९ नम्बरको ट्रकचालक हेटौंडा-८ का ३२ वर्षीय बिक्रम थापा र ना ४ ख ५१११ नम्बरको ट्याङ्कर चालक मनहरी-९ का ३१ वर्षीय अशोक थोकरलाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ परेका तीनैजनालाई मकवानपुर जिल्ला अदालत हेटौंडाबाट ५ दिनको म्याद थप अनुमती लिई अनुसन्धान गरिरहेको जनाएको छ।


## रोजगारीको अवसर

यस पुनम सप्लायर्सका लागि बजार प्रतिनिधि (Sales Man) को आवश्यकता भएको हुँदा इच्छुक, योग्य व्यक्तिहरुबाट दरखास्त आव्हान गरिन्छ।



- **तह पद** : बजार प्रतिनिधि (Sales Man)
- **संख्या** : ६ जना।
- **उमेर** : १८ वर्ष पुरा भएको।
- **शैक्षिक योग्यता** : साधारण लेखपढ।
- **आवश्यक कागजात** : नागरिकताको प्रतिलिपि, फोटो, शैक्षिक प्रमाणपत्र।
- **निवेदन दस्तुर** : रु. ५००/-
- **सेवा सुविधा** : १५,०००/- देखि १,००,०००/-
- **दरखास्त दिने अन्तिम मिति** : २०८१ पुस १२ गते शुक्रबार
- **अन्तरवार्ता मिति** : २०८१ पुस १४ गते आइतबार बिहान ११:३० देखी २: ३० बजेसम्म

**सम्पर्क**

**मोबाइल नम्बर ९८५५०७३४९८, ९८०४२२०२३६**


**स्थानः हेटौंडा-१ राप्तीरोड मकवानपुर**

## सञ्चालनमा आयो

## पशुपति ईभी चार्जिङ स्टेशन

**हेटौंडा-४ पशुपति मन्दिरअगाडि**

**पशुपति ईभी चार्जिङ सेन्टर**



**६ वटा चार्जिङ युनिटसहित**

**सम्पर्कः ९८५५०६८८७३**

## सम्पादकीय

हेटौंडा, मकवानपुर

# शक्ति सन्तुलनमा समस्या

संसदीय शासन व्यवस्थामा व्यवस्थापिका (संसद) र कार्यपालिका (सरकार)को बिचमा शक्ति सन्तुलनको प्रयास गरिएको हुन्छ । राज्यका प्रमुख अंगाको रुपमा रहने यी दुबैको मुख्य भूमिका संविधानमै व्यवस्था गरिन्छ । एउटै अंगमा सबै शक्ति वितरण गरियो भने त्यो अंग तानाशाही र निरंकुश बन्दछ । राज्यका प्रमुख अंगहरुबिच शक्ति पृथकीकरण गरिएको हुन्छ, जसले तिनीहरुबिच शक्ति सन्तुलन कायम गर्दछ । संविधान प्रदत्त अधिकारको प्रयोग गरेर व्यवस्थापिका र कार्यपालिकाले एक-अर्कामा नियन्त्रणको प्रयास गर्दछन् । अधिकारको उचित बाँडफाँड गर्दै प्रभावकारी शक्ति पृथकीकरण र इमान्दारिताका साथ त्यसको अभ्यासबाटै शक्ति सन्तुलन कायम गर्न सकिन्छ । संसदीय लोकतन्त्रको प्रयोग गरिरहेको मुलुकमा व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाबिच शक्ति पृथकीकरण र सन्तुलन कायम गरिएको छ । पछिल्लो समय संघीयता लागू भएसँगै यस्तो अभ्यास प्रदेश र स्थानीय तहसम्म विस्तार भएको छ ।

वर्तमान संविधानले संघीय संसदको प्रतिनिधिसभाकै जस्तो संरचना र क्षेत्राधिकारसहित प्रदेशको संसद अर्थात् प्रदेशसभाको व्यवस्था गरेको छ । यस्तै, संघीय सरकार वा नेपाल सरकारजस्तै प्रदेश सरकार गठन भएर आफ्नो प्रदेशभित्रको शासन व्यवस्था सञ्चालन भइरहेको छ । प्रदेशसभाको काम कारबाहीलाई प्रभावकारी बनाउन र सरकारको क्रियाकलापको नियन्त्रण गर्नका लागि प्रदेशसभा अन्तर्गतको संसदीय समितिहरु गठन भएका छन् । बागमती प्रदेशसभामा पनि ५ वटा संसदीय समिति बनाइएको छ । यी समितिले प्रदेश सरकारले गर्ने गलत क्रियाकलापविरुद्ध आवश्यक निर्देशन दिएर सरकारको गतिविधिलाई नियन्त्रणको प्रयास गर्दछ । तर, बागमती प्रदेशसभाका समितिको कतिपय निर्णय कार्यान्वयनमा भने प्रदेश सरकार उदासिन देखिएको छ ।

बागमती प्रदेश सरकारले संसदीय समितिको निर्णय तथा निर्देशन कार्यान्वयन गर्न अटेर गरिरहेको पाइएको छ । सरकारको काम कारवाहीलाई व्यवस्थित गर्न र सेवा प्रवाह तथा विकास निर्माणलाई प्रभावकारी बनाउन संसदीय समितिले दिएको निर्देशनलाई प्रदेश सरकारले अवज्ञा गर्ने गरेको छ । संसदीय समितिको बैठकमा विभागीय मन्त्री तथा मन्त्रालयका सचिवहरु नै उपस्थित भएर छलफलपछि गरिएको लिखित निर्णयसमेत सरकारले अवज्ञा गर्ने गरेको हो । लामो समयसम्म नेतृत्वविहिन बनेर निष्क्रियजस्तै बनेको संसदीय समितिले नेतृत्व पाएर सरकारको काम कारबाही प्रभावकारी बनाउन दिएका निर्देशनसमेत सरकारले कार्यान्वयन नगरेको हो । गत भदौमा बसेको प्रदेश मामिला समितिको बैठकले विपद् व्यवस्थापनका लागि विज्ञ नियुक्त गर्न र विपद् प्रतिकार्यमा प्रभावकारी काम गर्न आन्तरिक मामिला तथा कानुन मन्त्रालयलाई निर्देशन दिए पनि कार्यान्वयनमा नआएको हो । संसदीय समितिहरुले प्रभावकारी हुन नसकेका प्रदेश ऐन संशोधन गर्न दिएका निर्देशन पनि सरकारले बेवास्ता गरिरहेको छ ।

संसदीय समितिले लिखितरुपमा पत्राचार गर्दासमेत मन्त्रालयहरुले निर्देशन र निर्णयहरु पालना गर्ने गरेको पाइँदैन । प्रदेशसभाको शिक्षा, स्वास्थ्य तथा कृषि समितिले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई विपद् प्रभावित विद्यालयका लागि बजेट व्यवस्था गर्न लिखितरुपमा पठाएको निर्देशनसहित पत्रमा कुनै कारबाही भएको छैन ।

प्रदेशको सार्वजनिक लेखा समितिले सबै मन्त्रालयसँग सञ्चालनमा रहेका आयोजनाको विवरण माग गरेकोमा आर्थिक मामिला तथा योजना मन्त्रालयबाहेक अन्यले विवरण पठाएका छैनन् । संसदीय समितिले माग गरेका विवरणसमेत उपलब्ध गराउन सरकार उदासिन बनिदिँदा संसद र सरकारबिचको शक्ति सन्तुलनमै समस्या आउने सम्भावना देखिन्छ । समितिको निर्देशनलाई सरकारले बेवास्ता गर्दा संसदीय विशेषाधिकारको अवज्ञाका साथै संसदको गरिमा कमजोर हुने निश्चित छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : व्यापार–व्यवसाय मध्यमकारक रहने समय छ ।
**वृष** : व्यापार–व्यवसायमा बढोत्तरी हुने समय योग छ ।
**मिथुन** : अध्ययन–अध्यापनका काममा सरिक भइने छ ।
**कर्कट** : व्यापार–व्यवसायबाट विशेष लाभ होला ।
**सिंह** : वैदेशिक कामबाट विशेष तनाब बढ्ने समय छ ।
**कन्या** : प्राविधिक र सीपमूलक कामबाट विशेष लाभ होला ।
**तुला** : धार्मिक कृत्यका काममा सरिक भइने समय योग छ ।
**वृश्चिक** : हाँके ताकेका कामहरु पूर्ण हुने समय योग छ ।
**धनु** : स्वास्थ्यमा सकारात्मक सचेत प्राप्त हुने समय छ ।
**मकर** : कार्यक्षमता र प्रतिभा बढाउँने समय योग छ ।
**कुम्भ** : परोपकारजन्य कामबाट लाभ प्राप्त हुने छ ।
**मीन** : अचल धनको उपयोगबाट लाभ प्राप्त हुने समय छ ।

# विद्यालय शिक्षा ऐनले विद्यमान शैक्षिक अन्यौलताको अन्त्य गर्ने अपेक्षा



✍ रमेश प्रसाद लामिछाने

१. शिक्षा ऐनको चर्चाले हाल हाम्रो शैक्षिक जगत आकर्षित भएको छ । स्वभाविक पनि हो । वि.सं. २०२८ सालमा बनेको शिक्षा ऐनबाटै आधा शताब्दि भन्दा बढि हाम्रो विद्यालय शिक्षा संचालन भै रहेको छ भन्नुपर्दा लज्जित बन्नु परेको छ । यद्यपि, यस अवधिमा उक्त ऐनलाई दर्जन भन्दा बढि पटक फेरबदल र टालटुल गर्दै काम चलाउँदै आएको तथ्य स्पष्ट छ । आयोग बन्नु र प्रतिवेदन पेश गर्ने काम प्रत्येक सरकारको रुटिनमा पर्दै आएको छ । नयाँ निर्देशिका जारी गर्नु हरेक शिक्षा मन्त्रीको पहिलो काम बन्दै आएको छ । शिक्षा विधेयक संसदमा पेश भएको यो पहिलो पटक भने होईन । यस अघि पनि संसदमा शिक्षा विधेयक प्रस्तुत हुने र छलफलको क्रम सम्म पुग्दै तुहिंदै आएको यथार्थ धेरैलाई याद हुनु पर्दछ । अहिले पनि शिक्षा ऐन आउनेमा शंका कायमै छ । अगुल्टोले हानेको कुकुर बिजुली चम्कदाँ तर्सने उखान हामीले सुन्दै आएका छौं । हाल शिक्षा विधेयक प्रदेश भ्रमणमा गएको समाचार बाहिर आएको छ । संसदीय समितिबाट रहर पुगेपछि यो बाहिर आएको हो । सुझाव संकलन गर्ने काम आफैंमा उपयुक्त भन्नै पर्दछ । औपचारिकताका लागि हो भने यो समय बर्बादी बाहेक केहि नहुन सक्छ । यदि शिक्षा ऐन ल्याउन खोजेकै हो भने यी कोणहरुबाट पनि त निचोडमा पुग्न सकिन्छ नि ।

२. राज्यको दृष्टिकोण- हामीले बुझेको राज्य भनेकै सरकार हो, जनमतको प्रतिनिधित्व गर्ने प्रतिनिधि सभा हो, राजनीतिक दलहरु हुन्, नागरिक समाज हो, देश हो, निश्चित भूगोल हो, यहाँका जनता हुन् र यो राष्ट्र हो । इतिहास अनुभवको श्रोत हो । बिगतबाट सिक्ने हो । राम्रा र अशलको निरन्तरता अनि बिग्रेका र गलतको अन्त्य गर्नै पर्छ । सुधारको पनि त हद हुन्छ होला नि । वर्तमानको विश्लेषण गर्ने हो । हाम्रा अवस्था, साधन, श्रोत, क्षमता र दक्षताको वास्तविक आँकलन महत्वपूर्ण सबाल हो । भविष्यको योजना निर्माण गर्ने हो । शिक्षा के हो र किन आवश्यक छ ? राष्ट्रिय आवश्यकताको सहि पहिचान राज्यले गर्नै पर्छ । नागरिकका चाहना राम्ररी बुझ्नै पर्दछ । यस मुलुकमा आवश्यक शिक्षा कस्तो हो ? साधारण कि प्रविधिक ? कि दुबै ? रोजगारमूलक, सीपमूलक, प्रयोगात्मक, ब्यवहारिक, वैज्ञानिक, प्रगतिशिल जस्ता कुनै पनि नामको गन्तब्य एकै हो भन्नेमा पनि बिमति छैन । शिक्षाको उद्धेश्य के के राख्ने हो भन्दा पनि के के हुनुपर्छ भन्नेमा बहस हुनुपर्छ । हाम्रो शैक्षिक गन्तब्य स्पष्ट देखिने र बुझिने हुनै पर्दछ । विद्यमान अन्यौलता र बिलम्वपनको पर्दा हट्नै पर्दछ । दृष्टिकोणमा मुलुकको स्वार्थ जोडिनै पर्दछ । अरुको स्वार्थको पुच्छर बनेर शैक्षिक नीति सहि बन्नै सक्दैन । नीजि क्षेत्रले के भन्ला वा उनीहरु रिसाउने पो हुन् कि भनेर पर्खेर देशको संविधानको बिपरित जाने त ? वर्तमान संविधानले आधारभूत शिक्षा अनिवार्य र निशुल्क अनि माध्यमिक शिक्षालाई निशुल्क भन्दै स्थानिय तहमा जिम्मा लगाएको त सबैलाई थाहा छ । कि त संविधान बदलेर मात्र शिक्षा ऐन बनाउनु पर्‍यो, हैन भने यी सबै कायम राखेर संविधानसँग नबाझिने गरी शिक्षा ऐन ल्याउनमा सरकारी अलमलको आशय के हुन सक्छ त ? हरेकले आफ्नो कचिया आफैं तिर तान्ने हो । निर्वाचनमा प्रस्तुत गरिएका घोषणापत्र पल्टाएर हेर्ने जमर्को गरिएमा धेरै कुरा हल गर्न सकिन्न र ?

३. शिक्षक कर्मचारीको सम्बोधन- शिक्षामा शिक्षक कर्मचारी ब्यवस्थापन महत्वपूर्ण सबाल हो । शिक्षक कर्मचारीका समस्या हल गर्न भन्दै बिगतमा बनाईएका दर्जनौं आयोगले दिएका सुझावहरु र शिक्षक कर्मचारीसँग गरिएका दर्जनौं सम्झौताहरु नै शिक्षक कर्मचारीका समस्या हल गर्न पर्याप्त छन् भन्ने लाग्छ । जनशक्तिको प्रभावकारी ब्यवस्थापन बिना शिक्षामा सुधारको कल्पना नै गर्न सकिन्न । पेशागत स्थायित्व र वृत्ति विकाससँग जोडिएका जनशक्तिलाई सधैं आश मात्र देखाएर टार्न सकिन्न् । भूगोल र जनसंख्याका आधारमा विद्यालयको नक्शाङ्कन र विद्यालय, कक्षा, तहसँगै विषयगत शिक्षक ब्यवस्था गर्न कठिन छैन । नियत सकारात्मक हुनुपर्छ । विद्यालयमा लेखा, प्रशासन, कार्यालय सहायक कर्मचारी लगायतका आवश्यक जनशक्तिको ब्यवस्थापन बारे शिक्षा ऐनले बोल्नै पर्दछ । यी जनशक्तिको पेशागत स्थायित्व र वृत्ति विकासका सबालमा किटानी ब्यवस्था नै हुनुपर्दछ । करार तथा अस्थायी प्रकृतिका जनशक्तिबाट काम चलाउ अर्थात तदर्थ स्थितिको अन्त्य गरिनु पर्दछ । शिक्षा प्रशासनमा पनि ब्यापक सुधारको जरुरी देखिएको छ । प्रोत्साहन र दण्ड ब्यवहारमै देखाउनु पर्दछ । स्थानिय तहमा आवश्यक पर्ने तर काम नपाएर दिन काट्ने जनशक्तिलाई सिंह दरबारबाट बाहिर ल्याउनै पर्छ । अधिकृत, उपसचिव, सहसचिव स्तरका जनशक्ति जिम्मेवार बिहिन बनाएर राज्यले पालिरहने काम कुनै पनि कोणबाट ठीक भन्न सकिन्न । खास मापदण्डका आधारमा शिक्षकलाई शिक्षा प्रशासनमा जान सक्ने अवस्था बनाउँदा राम्रो हुन्छ ।

४. शैक्षिक पुनर्संरचना- यो शिक्षा ऐनमा समेट्नै पर्ने अर्को महत्वपूर्ण सबाल हो । विद्यमान संरचना बदल्नै पर्छ भन्ने आवाज अधिक उठेको छ । सर्वप्रथमत : सरकारी, सामुदायिक, सहकारी र नीजि गरि ४ प्रकारका शिक्षण संस्थाहरु ब्यवस्था गर्नुपर्ने देखिएको छ । त्यस्तै हालको दुई तहलाई पूर्व प्राथमिक दुई वर्षे, प्राथमिक पाँच वर्षे, आधारभूत तह तिन वर्षे, माध्यमिक दुई वर्षे र उच्च माध्यमिक दुई वर्षे गरि पाँच तहका बनाउनु उपयुक्त देखिन्छ । स्थानिय तह, जिल्लामा, प्रदेश र केन्द्रिय तहमा गरी चारै शैक्षिक संयन्त्र अधिकार सम्पन्न बनाई यी अन्तर्गत नै प्राविधिक शिक्षा संचालन गर्नु राम्रो हुन्छ । सिटिईभिटिलाई अलग राखिरहन जरुरी देखिँदैन । परीक्षा बोर्डलाई स्वायत्त संस्था बनाउँदै थप प्रभावकारिताका लागि पुनर्गठित गरिनु जरुरी हुन्छ । विद्यार्थी मूल्याङ्कनका मापदण्डहरु थप फराकिलो बनाउनु आवश्यक छ । हालको परीक्षा प्रणालीमा पर्याप्त फेरबदल नगर्ने हो भने विद्यार्थीको भविष्य थप संकटमा पर्न सक्छ । पाठ्यक्रम परिमार्जनका लागि हालको पाठ्यक्रम विकास केन्द्रमा शिक्षा विज्ञहरुको चौतारी थप्नु राम्रो हुन्छ ।

५. अन्तमा, सुझावहरुको फेहरिस्त लामो बन्न सक्छ । जतिसुकै मच्चिए पनि पूर्णता हुने होईन । अनेकौं ब्यक्ति र संस्थाबाट शिक्षा ऐन त यस्तो पो बन्नु पर्छ भन्दै सुझाव र सल्लाहको ओईरो नै लागेको मौसममा यो पनि समुद्रमा थोपा थपिएको हो । साँच्चीपर्दा एकथान शिक्षा ऐन बनाउन नसकिने भन्ने होईन । वर्तमानका शैक्षिक समस्याहरुको प्राथमिकिकरण र हाल सकिने समाधान दिनु नै पहिलो काम देखिन सक्छ । आवश्यकताले क्रमैसंग बदल्दै लाने हो । दक्षिण एशिया मात्र हैन, विश्व भूमण्डलिकरणमा देखिएको शिक्षा ब्यवस्था सँगै प्रविधिको अधिकतम प्रयोगलाई नजरअन्दाज भने गर्न मिल्दैन । नियत र दृष्टिकोण सकारात्मक भएमा विद्यमान शैक्षिक अस्तब्यस्तता हल हुने बिश्वास गर्न सकिन्छ । लगाव र चासो यो ऐन सँगै जोडिएको अर्को पक्ष हो । भनाई र गराईमा ब्यापक फरक हुन्छ नै । सम्वन्धित पक्ष र निकायले आउँदा दिनहरुमा यहि विषयमा समय खर्चेर आलोचना सहने स्थिति नबनोस भन्ने अपेक्षा गरिएको छ ।

# सिरियाको आर्थिक पतन



✍ नरसागर श्रेष्ठ

सिरियालाई मध्यएसियामा तेल कम भएको र गरिब देशका रूपमा लिने गरिन्छ । नेपालभन्दा भूमिको हिसाबले अलिकति ठूलो तर जनसंख्याको हिसाबले हामीभन्दा सानो र भौगोलिक अवस्थाका आधारमा समथर उब्जाउ भूमि, पहाड र मरुभूमिसमेत भएको तथा भूमध्यसागरमा पहुँच रहेको मध्यएसियाको देश सिरियामा झन्डै ५३ वर्षदेखि शासनको बागडोर सम्हाल्दै आएको असद परिवारले सत्ता छोड्ने अवस्था आउनुमा आर्थिक कारणलाई पनि एक प्रमुख कारण मानिएको छ ।

२ करोड ५० लाख जनसंख्या भएको देशलाई सन् २०१० तिर अरब विश्वमा युवाहरूको चरम बेरोजगारी र खाद्यान्नको मूल्यवृद्धिका कारण सल्केको अरब स्पिडले सिरियालाई नराम्रोसँग गाँज्यो । किनभने यो घटना दबाएलगत्तै सिरियामा पनि आन्तरिक विद्रोह प्रारम्भ भयो र सिरियाको अर्थव्यवस्था पनि क्रमशः ओरालो लाग्यो । यो १४ वर्षको दौरानमा सिरिया एउटा मध्यम आय भएको देश (कुल गार्हस्थ्य उत्पादन र प्रतिव्यक्ति आम्दानीका हिसाबले) बाट न्यून आय भएको र अविकसित देशमा झर्न बाध्य हुनुपर्‍यो । अर्को शब्दमा भन्नुपर्दा २०१० तिर पाराग्वे र स्लोभानियाजस्ता देशहरूको पंक्तिमा रहेको सिरिया अब आएर चाँद र प्यालेस्टाइनजस्ता अतिकम विकसित देशको पंक्तिमा रहन पुग्यो । सिरियाको तत्कालीन सरकारलाई इरान र रुसको समर्थन थियो ।

### भयावह अवस्थाको समष्टिगत आर्थिक परिसूचक

अर्थव्यवस्थामा तेल खानी र कृषिको योगदान झन्डै-झन्डै चौथाइका दरले योगदान भएको सिरियाको अर्थव्यवस्थाको आकार अरब स्प्रिडको समयमा ६८ अर्ब अमेरिकी डलरबराबरको थियो भने सन् २०२३ मम्म आइपुग्दा अर्थव्यवस्थाको आकार ८५ प्रतिशतले घटेर ९ अर्ब अमेरिकी डलरमा झरेको छ । तत्कालीन अवस्थामा १ सय ९६ देशमध्ये अर्थव्यवस्थाको आकारको हिसाबले सिरियाको स्थान ६८ मा थियो भने २०२३ मा आइपुग्दा १ सय २९ औं स्थानमा झर्न पुगेको छ । सन् २०१५ तिर प्रतिव्यक्ति आम्दानी करिब ३ हजार अमेरिकी डलर रहेकोमा सन् २०२० मा आएर ५ सय ३३ डलरमा झर्‍यो । गत वर्षसम्म लगातार बढेको बेरोजगारी दर ५२ प्रतिशत पुगी बालश्रमको व्यापक रूपमा प्रयोग भएको पाइन्छ । सन् २०२२ मा अलिकति बेरोजगारीको दर घटेको जस्तो देखिए तापनि गत वर्ष बेरोजगारीको दर १ सय १६ प्रतिशत पुगेको छ । किनभने सन् २०२२ मा बेरोजगारी दर ८५ प्रतिशत मात्र थियो ।

सरकारको बजेट घाटा कुल गार्हस्थ्य उत्पादनको आधा र सरकारी ऋण कुल गार्हस्थ्य उत्पादनको २ सय ५० प्रतिशत रहेको र व्यापार घाटा पनि कुल गार्हस्थ्य उत्पादनको ७० प्रतिशत पुगेको र निर्यात अमूल्य आयातित वस्तुको झन्डै ६ प्रतिशत मात्र रहेको थियो । यसले गर्दा सिरियाको मुद्रा सिरियन पाउन्ड अमेरिकी डलरको तुलनामा कमजोर हुँदै गयो । सन् २०२० मा एक अमेरिकी डलरबराबर १ हजार ९ सय ३५ सिरियन पाउन्ड विनिमय दर रहेकोमा सन् २०२० मा आएर यो विनिमय दर बढेर १० हजार ५ सय ६५ सिरियन पाउन्ड पुग्यो । यी अवस्थाका कारण सिरियनहरूको दैनिक जीवन निकै कष्टकर बन्दै गयो । सन् २०२० पछि सिरियामा तीव्र गतिमा बेरोजगारी बढेको, सार्वजनिक सेवामा कमी आएको, वञ्चितीकरण बढेको, बेरोजगारी बढेको र खाद्यान्न असुरक्षा पनि बढेकाले सिरियन अर्थव्यवस्था सन् २०२० देखि तीव्र गतिमा पतनोन्मुख दिशातर्फ लागेको पाइन्छ ।

### आर्थिक पतनका कारण

सिरियाको अर्थव्यवस्था पतन हुनुमा तीनवटा कारणलाई जिम्मेवार बनाउन सकिन्छ । पहिलो हो, त्यहाँको आन्तरिक विद्रोह । यसले गर्दा सिरियाको २ करोड ५० लाखमध्ये करिब ४८ लाख मानिस बाह्य रूपमा र करिब ७० लाख मानिस आन्तरिक रुपमा विस्थापित हुन पुगे । यसले गर्दा एकातिर तेलखानीमा विद्रोहीहरुको कब्जा बलियो मात्रै हुन पुगेन कि कृषि उत्पादनमा पनि प्रतिकूल असर पुग्यो । यसले सिरियाको अर्थव्यवस्थालाई युद्ध अर्थव्यवस्थामा परिणत गरिदियो ।

द्वन्द्वमा संलग्न नेतृत्वका लागि एकाधिकारको रुपमा, वस्तु तथा साधन उपलब्ध गराउने, प्राकृतिक साधनको अप्रत्याशित दोहन, लागू पदार्थको कारोबार, भ्रष्टाचार, कालोबजारी, अपहरण, साधन-स्रोत जबर्जस्ती हत्याउने कार्यजस्ता घटनाहरु सिरियाको अर्थव्यवस्थामा बढ्यो । आन्तरिक द्वन्द्वका कारण सिरियामा काम गर्ने उमेर समूहका मानिसको संख्या अफगानिस्तानमा जस्तै घट्यो । दोस्रो हो, सन् २०२३ को महाभूकम्प । यसले सिरियाको अर्थव्यवस्थामा करिब ५.८५ अर्ब अमेरिकी डलरबराबराको क्षति पुगेको अनुमान गरिएको छ । यसले साढे ८ हजार मानिसको ज्यान लिएको थियो ।

नागरिकमाथि गरिएको दमनलाई लिएर युरोपियन युनियन, क्यानडा, अस्ट्रेलिया, स्वीजरल्यान्ड, अमेरिका आदि देशले आर्थिक नाकाबन्दी लगाएपछि एकातिर सिरियाले आफ्नो तेल निर्यात गर्न पाएन भने अर्कातिर तेलका लागि इरानमाथि भर पर्नुपर्ने अवस्था आयो । अमेरिकी इन्धन प्रशासनका अनुसार सन् २०११ अगाडि अर्थात् नाकाबन्दी लाग्नुअगाडि सिरियाले दैनिक ३ लाख ८३ हजार

...बाँकी पृष्ठ ३ मा

# पूर्वविद्यार्थीद्वारा ४९ हजार रुपैयाँ सहयोग



*सहयोग रकमको चेक हस्तान्तरण गरिँदै ।*

समाज संवाददाता

हेटौंडा : हेटौंडा-४, कर्रास्थित श्रमिक माध्यमिक विद्यालयका पूर्वविद्यार्थीले विद्यालयमा अध्ययनरत विद्यार्थीको छात्रवृत्तिका लागि सहयोग गरेका छन् । आइतबार विद्यालयको ५९ औं वार्षिकोत्सवको अवसरमा विद्यालयमा अंग्रेजी माध्यममा अध्ययनरत ७ जना विद्यार्थीको छात्रवृत्ति रकमस्वरुप ४९ हजार रुपैयाँ सहयोग गरिएको हो ।

२०५२ सालको एसएलसी समूहका सदस्य किशोर पराजुलीको नेतृत्वमा प्रतिमा श्रेष्ठ र माधव खतिवडाले संयुक्तरुपमा विद्यालयका प्रधानाध्यापक श्रीराम दहाल र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष विवेक कार्कीलाई सहयोग रकमको चेक हस्तान्तरण गर्नुभयो । विद्यालयमा अंग्रेजी माध्यममा अध्ययनरत विद्यार्थीको शिक्षा निरन्तर रहोस् भनी सहयोग गरिएको पराजुलीले बताउनुभयो । कार्यक्रममा श्रमिक मावि पूर्वविद्यार्थी समाजका अध्यक्ष सुरेश श्रेष्ठको पनि उपस्थिति रहेको थियो । विद्यालयले पूर्वविद्यार्थी समेतको सहयोगमा अक्षयकोष स्थापना गरेको छ । अक्षयकोषमा ३ लाख रुपैयाँ रकम पुगिसकेको प्रधानाध्यापक दहालले जानकारी दिनुभयो । श्रमिक माविमा ६४४ जना विद्यार्थी अध्ययनरत छन् ।

सामुदायिक रेडियो, रेडियो निकास
९३.४ मेगाहर्ज सुनौं र सुनाऔं
रेडियो निकास ९३.४
The Voice of Community

# बालश्रम निवारणमा शिक्षकको भूमिकाबारे प्रशिक्षण

समाज संवाददाता

हेटौंडा: स्वतन्त्रता अभियान र बाल कल्याण समाज मकवानपुरले बालश्रम निवारणमा क्षेत्रगत अवधारणा र शिक्षकहरुको भूमिका विषयक प्रशिक्षण गोष्ठी आयोजना गरेको छ । शनिबार बकैया गाउँपालिकाका शिक्षकलाई प्रशिक्षण दिइएको हो ।

विद्यालयमा ड्रप आउट हुने विद्यार्थीको संख्या बढेको र ती विद्यार्थी श्रममा संग्लन हुनसक्ने भन्दै शिक्षकहरुलाई प्रशिक्षण दिइएको बताइएको छ । बालश्रम न्यूनीकरणका लागि विद्यालय बाहिर रहेका बालबालिकालाई कसरी विद्यालय आउने वातावरण सिर्जना गर्न सकिन्छ भन्दै प्रशिक्षण दिएको आयोजकको भनाइ छ ।

बकैया गाउँपालिकाका अध्यक्ष धर्मराज लामिछानेको अध्यक्षतामा कार्यक्रम भएको थियो । बालविवाहसँगै बालश्रमपश्चात् बाल ओसारपासर तथा बेचबिखन हुने कुरालाई मध्यनजर गर्दै प्रशिक्षण दिएको हो । बाल कल्याण समाज मकवानपुरका अध्यक्ष प्रकाश खतिवडाले बालश्रम निवारणको लागि क्षेत्रमा आधारित पद्दति तथा शिक्षकको भूमिकाबारे सहजीकरण गर्नुहुँदै बालश्रमको परिभाषा, बाध्यकारी श्रम, बालश्रमको कारण, बालश्रमको आर्थिक समाजिक राजनैतिक असर, बालश्रम निवारणमा विद्यालय र शिक्षकको भूमिकाबारे स्पष्ट पार्नुभयो ।

कार्यक्रममा बकैया गाउँपालिकाका उपाध्यक्ष भक्तबहादुर खत्री, प्रमुख प्रशासकीय अधिकृत महेश श्रेष्ठ, शिक्षा प्रमुख आइतराम तामाङलगायतको आतिथ्य रहेको थियो । बकैया गाउँपालिकाले २८ वटा विद्यालयको शिक्षकहरुबाट बाल संरक्षणको लागि भावी कार्ययोजना तयार पारेको छ ।

## सिरियाको आर्थिक...

ब्यारेल तेल उत्पादन गरी निर्यात गरिरहेकोमा नाकाबन्दीपछि ४० हजार ब्यारेल प्रतिदिनमा झर्न पुग्यो । यसैगरी ब्रिटिस पेट्रोलियमका अनुसार प्राकृतिक ग्यासतर्फ हेर्ने हो भने नाकाबन्दीअगाडि ८.७ अर्ब घनमिटर ग्यास उत्पादन गरेकोमा नाकाबन्दीपछि ३ अर्ब घनमिटरमा सीमित हुन पुग्यो । यसप्रकार सिरियामाथि लागेको नाकाबन्दी अलि प्रभावकारी नै भएको देखियो । एक जना अन्तर्राष्ट्रिय सम्बन्धका विशेषज्ञले त सिरियालाई लगाएको अन्तर्राष्ट्रिय नाकाबन्दी एकदम कडा खालको भएको प्रतिक्रिया दिएको पाइन्छ । पश्चिमा देशहरूले लगाएको अन्तर्राष्ट्रिय नाकाबन्दीले सिरियाको अर्थव्यवस्थालाई पतनोन्मुख हुन अरू मलजल गरेको छ । यसले गर्दा सिरिया विश्व अर्थव्यवस्थाबाट एक्लियो । किनभने उसको बैंकिङ व्यवस्थालाई मान्यता प्राप्त भएन ।

फाइनान्सियल टाइम्सका अनुसार पहिलाको सरकारले रुसमा मात्रै सन् २०१८ र २०१९ को बीचमा २५ करोड डलर खर्चेर गहुँ र सैनिक सामग्रीहरू खरिद गरेको पाइन्छ । मोर्गान स्टान्लेका अर्थशास्त्री रुचिर शर्माको भनाइमा लामो समयसम्म तानाशाहले शासन गरेको हुनाले पनि सिरियाको आर्थिक विकास पछि परेको हो ।

अहिले सिरियाको ढुकुटीमा विदेशी मुद्रा शून्य छ । नयाँ सरकारले भद्दा खालको र भ्रष्टाचारमा लिप्त कर्मचारीतन्त्र उपहारको रुपमा पाएको छ । नयाँ सरकारलाई चुनौती भनेको शान्ति र सुव्यवस्था कायम गरी जनतालाई नियमित काममा फर्कने वातावरण तयार गर्नु हो ।

सरकारसँग सिरियन पाउन्ड मात्रै छ र यसले गर्दा वित्तीय रूपमा सिरिया अहिले निकै अप्ठेरो अवस्थामा पुगेको छ । अबको सरकारलाई एकातिर आन्तरिक विद्रोहका कारण ध्वस्त भएका आधारशिलाहरूको मर्मत-सम्भार गर्नुपर्ने हाँक छ भने अर्कातिर सरकारी संस्थाहरू, जसले आधारभूत सार्वजनिक सेवा, सुरक्षा र संरक्षणका कार्य सम्पन्न गर्न सकेको छैन । अहिले जवाफदेहिताको ह्रास भएको छ । त्यसलाई पुनर्स्थापन गर्नु नयाँ सरकारको प्रमुख दायित्व रहेको छ । अन्तर्राष्ट्रिय समुदायले यसअघिका शासकहरूले देशबाहिर लगेको सम्पत्ति फिर्ता गराउन समय लाग्ने भएकाले तत्काल सहायता उपलब्ध गराउनु आवश्यक देखिन्छ । अन्तर्राष्ट्रिय रूपमा सिरियाविरुद्ध लागिआएको नाकाबन्दी हटाउनु पनि त्यत्तिकै आवश्यक छ ।

बागमती प्रदेश मकवानपुर जिल्ला भीमफेदी गाउँपालिका अर्न्तगत खोटे सल्लाका रुखहरु भएको विभिन्न २ वटा सामुदायिक वन क्षेत्रबाट खोटो संकलन गर्ने प्रस्तावको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदनको

**सार्वजनिक सूचना**

(प्रकाशित मिति २०८१/०९/१५)

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | श्री बालाजी नेचुरल इन्डष्ट्रिज प्रा.लि.<br>ठेगाना हेटौंडा ८, मकवानपुर नेपाल<br>फोन नं. ०५७-५२३५८१ |
| प्रस्तावको व्यहोरा | भीमफेदी गाउँपालिका अर्न्तगत पर्ने खोटेसल्ला भएको विभिन्न २ वटा सामुदायिक वन क्षेत्रबाट खोटो संकलन गरी प्रशोधनको लागि उद्योग स्थल हेटौंडा ८ लि मकवानपुर लैजाने |
| प्रभाव पर्न सक्ने क्षेत्र जिल्ला न.पा./गा.पा. | बटुकभैरव सा.व.उ.स. भीमफेदी गा.पा. वडा नं. ५, ६ र मन्डलीदेवी सा.व.उ.स. भीमफेदी गा.पा. वडा नं. ६ |

माथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीबीच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको न.पा./गा.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगाना:**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना ठेगाना | श्री बालाजी नेचुरल इन्डष्ट्रिज प्रा.लि.<br>हेटौंडा ८ मकवानपुर नेपाल<br>फोन नं: ०५७-५२३५८१ |
| परामर्शदाताको नाम र ठेगाना | कुविर फिट प्रा. लि., सूर्यविनायक भक्तपुर बागमती प्रदेश<br>Email: kubirfit08@gmail.com, मोबाईल नं. ९८४३५६२०१८ |
| सरोकारवाला सम्बन्धित निकाय | डिभिजन वन कार्यालय मकवानपुर, सम्बन्धित २ वटै सा.व.उ.स.हरु र प्रदेश वन निर्देशनालय हेटौंडा |

# बालजागृतिका विद्यार्थीको आवाज

BALJAGRITI ENGLISH SECONDARY SCHOOL
Hetauda-2

## अन्डुम्यान




एमि श्रेष्ठ

**लेखकको परिचय** : यो किताब अमित विद्यार्थीद्वारा लिखित पुस्तक हो । अमित विद्यार्थी सानैदेखि सिर्जनात्मक र साहित्यमा रुचि राख्ने व्यक्ति हुनुहुन्थ्यो । उनले यो अघि धेरै पुस्तक लेखिसक्नुभएको छ । यो किताबको हरेक पृष्ठमा चित्र छ । यो किताबको चित्रकला लिटीह्यट लडोरद्वारा रचित पुस्तक हो ।

**पुस्तकको परिचय** :

यो पुस्तकको नाम अन्डुम्यान हो । यो पुस्तकमा धेरै चित्रकला छन् । जसले पुस्तक पढ्न सहज हुन्छ र रमाइलो लाग्छ । यो पुस्तक आयात आकारको छ । यस पुस्तकको पृष्ठ संख्या ८७ छ । मलाई यो पुस्तक पढ्न दुई दिन लाग्यो । यो पुस्तकको मूल्य २५० रुपैयाँ हो । यस पुस्तकको आइएसबिएन नम्बर ९७८ -९९३७ -६७२-६४१ हो । यस किताबको प्रकाशक काठमाडौं पब्लिकेसन हो । यस किताबको आवरण आकर्षक छ ।

**कथा**




**पुस्तक समीक्षा**

बुटवलको एक गाउँमा एक रोजन भन्ने केटा बस्थ्यो । ऊ अल्छी भएको कारण उसको आमाबुबाको बीच झगडा भइरहन्थ्यो । उसको दुई मिल्ने साथी थिए । किरण र लियान्ना । एक दिन पिटाई खाएपछि रोजनले सोच्यो म अन्डुम्यान भएको भए । दिनरात यो शक्तिबारे उसले सोच्थ्यो । एकदिन उसले पिटाई खाएपछि रोजनले सोच्यो । मसँग अन्डु शक्ति भएको भए । उसले पिटाई खान लागेको बेला अचानक सबै ठिक थियो । केही नभएको जस्तै थियो । उसले यो किरणलाई देखाउन खोज्यो । तर उल्टो तिनीहरुलाई फसाइदियो । केही दिन नबोलेपछि तिनीहरु फेरि बोल्न थाले तर रोजनको शक्ति हराइसकेको थियो । उसले आफ्नो शक्तिबारे एउटा कपीमा लेखेको थियो । एकदिन रोजन खाना खान जाँदा उसको पिताले त्यसबारे पढे र उनको आँखाबाट आँसु आयो । रोजनलाई अझै ध्यान दिनुभयो र अब उसको जिन्दगी राम्रो भयो ।

**पात्रहरू**

मुख्य पात्र रोजन धेरै अल्छी थियो । राम्रोसँग पढ्दैन थियो । उनको आमाबुबा चाहिँ अलि रिसालु स्वभावका थिए ।

**वातावरण**

रोजनको स्कुल एकदम कडा थियो । उसको पारिवारिक अवस्था पनि रिसालु स्वभावको थियो ।

**मूल भाव**

यो कथाको मूलभाव आफ्नो छोराछोरीलाई भित्र डरमा राख्नु हुँदैन । कुनै पनि कुरा पिटाइले ठिक हुन्छ भन्ने छैन भन्ने हो । हामी उनका लागि साथीजस्तो बन्नुपर्छ । पुस्तकको शीर्षक र त्यसको त्यसले बताएको कथा मिलेको छ ।

मलाई यो पुस्तक पढ्दा राम्रो लागेको कुरा त्यसको पिता अन्तिममा पछुतो र मिलेर किरणको दोस्ती हो । यो किताबमा मन नपरेको पक्ष पनि छ । यो किताबको भाषा तीनवटा भाषा मिसेर बनेको छ । जसले यो पढ्न अलि गाह्रो लाग्छ त्यसको व्याकरण पनि राम्रो छैन । मलाई पनि यो किताब पढ्न कहिलेकाहीँ त अल्छी पनि लाग्यो ।

यो किताबको कथा अनुसार हामी जस्ता ६/७ का विद्यार्थीहरूले पढ्नलाई उचित किताब हो । मैले यो किताबलाई धेरै समय लगाएर पढेको थिएँ ।

*कक्षा-७*

## मेरी आमा



हितेछ्चु ढकाल


मेरी प्यारी आमा तिमी कति राम्री
संसारमा दियो बाल्ने तिमी एउटी
मेरो भन्नु को नै छ र तिमी त हो नि
संसारमा यति जाति को नै त छ नि ।

तिमीले नै जन्मायौ, तिमीले नै हुर्कायौ
नौं नौं महिना कोखमा रामखी पीडा र कष्ट भोग्यौं
आफू भोक्कै बसेर मलाई मात्र खुवायौ
तिमीले नै जन्म दिएर आमा मलाई यति ठूलो बनायौ

मलाई नै पिट्ने मलाई नै कराउने
मलाई नै माया गरेर मेरै मात्रै सोँच्ने
संसारमा यति ठूलो को नै त छ नि
तिमीलाई म धन्यवाद कसरी नगरौं नि ?

*कक्षा-६*





कक्षा-७
विवश न्यौपाने

## प्रदेश लिग फुटबल

# काठमाडौं सेमिफाइनलमा

समाज संवाददाता

हेटौंडाः हेटौंडामा जारी प्रदेश लिग फुटबल प्रतियोगितामा काठमाडौंको चित्लाङ फुटबल क्लब सेमिफाइनलमा प्रवेश गरेको छ । समूह चरणको दुबै खेलहरुमा जीत निकाल्दै ६ अंकसहित तालिकाको शीर्ष स्थानमा रहेर काठमाडौंको चित्लाङ फुटबल क्लबले सेमिफाइनलको यात्रा पूरा गरेको हो ।

आइतबार हेटौंडा-५ स्थित पिप्ले-क्याम्पा रंगशालामा भएको समूह चरणको पहिलो खेलमा समूह 'क'बाट चित्लाङ फुटबल क्लबले चितवनको भरतपुर फुटबल क्लबलाई २-० गोल अन्तरले हराएको छ । चित्लाङको जीतमा पहिलो हाफको १३ मिनेटमा सुजित बुढाथोकीले र दोस्रो हाफको अन्तिम समयमा विज्ञान खतिवडाले समान एक-एक गोल गरेका थिए ।

समूह चरणको खेलमा दोस्रो पटक जीत निकालेको चित्लाङ फुटबल क्लबले यसअघि काभ्रेको माउण्ट एभरेष्ट फुटबल क्लबलाई पराजित गरेको थियो । माउण्ट एभरेष्टलाई पराजित गरेको चितवन दोस्रो खेलमा चित्लाङ फुटबल क्लबसँग पराजित भएको हो । समूह 'क'को चितवन ३ अंकसहित तालिकाको दोस्रो स्थानमा रहेको छ ।

प्रतियोगिता अन्तर्गत आइतबारकै दोस्रो खेलमा ललितपुर फुटबल क्लबले रोमाञ्चक जीत निकालेको छ । घरेलु टोली मकवानपुरको पदमोखरी युथ क्लबलाई २-१ गोलले हराउँदै ललितपुर फुटबल क्लबले जीत निकालेको हो ।

ललितपुरको जीतमा पहिलो हाफको १८ औं मिनेटमा डेविट याग्चेलले गोल गर्दै पहिलो अग्रता दिलाएका थिए । मकवानपुरका मिक्सान लामाले गोल गर्दै खेललाई बराबरीमा ल्याउँदा दोस्रो हाफको ५१ मिनेटमा रामकृष्ण चौधरीले एक गोल प्रहार गर्दै टिमलाई जीत दिलाउन सफल भएका हुन् । यसअघि भएको खेलमा मकवानपुरले धादिङको धुनीबेसी युथ समाजलाई हराएको थियो । समूह 'ख'को मकवानपुर ३ अंकसहित तालिकाको शीर्ष स्थानमा रहेको छ ।

आइतबार सम्पन्न खेलको म्यान अफ द म्याच काठमाडौंका सुजित बुढाथोकी र ललितपुरका डेविट याग्चेल घोषित हुँदै ३ हजार रुपैयाँको नगद पुरस्कार तथा ट्रफी प्राप्त गरेका छन् । प्रतियोगिता अन्तर्गत सोमबार समूह चरणका अन्तिम २ खेलहरु सञ्चालन हुँदैछ । पहिलो खेलमा सिन्धुली जिल्लाको ब्लु अल्पलाइन क्लब र सिन्धुपाल्चोकको चौतारा स्पोर्टिङ क्लबबीच प्रतिस्पर्धा हुनेछ भने दोस्रो खेलमा धादिङको धुनिबेसी युथ समाज र ललितपुर बीच प्रतिस्पर्धा हुनेछ ।

सोमबारको खेल सम्पन्न भएसँगै मकवानपुर र ललितपुरबीच क्वार्टरफाइनल प्रवेश गर्ने क्लबको टुंगो लाग्नेछ । बागमती प्रदेश फुटबल संघको आयोजनामा प्रतियोगिता लिगकम नकआउट प्रणालीमा सञ्चालन भइरहेको छ ।

प्रतियोगितामा बागमती प्रदेशका ११ जिल्लाका टिमहरुको सहभागिता रहेको प्रदेश फुटबल संघले जनाएको छ । अखिल नेपाल फुटबल संघ (एन्फा), बागमती प्रदेश खेलकुद विकास परिषद् र हेटौंडा उपमहानगरपालिकाको सहयोगमा प्रतियोगिता भइरहेको छ । प्रतियोगिताको उपाधि विजेता टिमले २ लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् भने उपविजेता टिमले १ लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । विधागत उत्कृष्ट खेलाडी तथा प्रत्येक खेलको म्यान अफ द म्याचका लागि पुरस्कारको व्यवस्था गरिएको छ ।

## धादिङमा पैदलयात्रीको मृत्यु

# राजमार्गमा पुरुष मृत भेटिए

समाज संवाददाता

हेटौंडा : धादिङ जिल्लामा बाटोमा हिँडिरहेको अवस्थामा एक पुरुषको मृत्यु भएको छ भने राजमार्गमा एक जना पुरुष मृत अवस्थामा फेला परेका छन् ।

धादिङको नेत्रावति गाउँपालिका-१, बोराङ रामगौडा बाटोमा हिँडिरहेका एक पुरुषको मृत्यु भएको छ । मृत्यु हुनेमा धादिङ जिल्लाको निलकण्ठ नगरपालिका-१० ज्यामरुङ घर भई हाल त्रिपुरा सुन्दरी गाउँपालिका-४, कार्कीगाउँका ६५ वर्षीय गोपी नेपाली रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

नेपाली शनिबार राती ११ बजेर २० मिनेटको समयमा बोराङ साथी जित बहादुर बागदास (परियार) को घर जाने क्रममा अचानक बाटोमा नै मृत्यु भएको प्रहरीले जानकारी दिएको छ । धादिङको कालुपाण्डे राजमार्ग छेउमा रहेको नालामा एक जना पुरुष मृत फेला परेका छन् । शनिबार बिहान ९ बजेको समयमा भेटिएको शवको सनाखत हुन सकेको छैन । तराई मूलको जस्तो देखिने अन्दाजी ४५ वर्षीय पुरुष मृत अवस्थामा फेला परेको प्रहरीले जानकारी दिएको छ । मुचुल्का पश्चात शव पोष्टमार्टमका लागि जिल्ला अस्पताल धादिङबेशी लगिएको प्रहरीले जानकारी दिएको छ ।

# मानवसेवा आश्रमलाई सम्मान

समाज संवाददाता

हेटौंडाः हेल्प नेपाल नेटवर्कको २५ औं वार्षिकोत्सवको अवसरमा मानवसेवा आश्रमलाई प्रशंसापत्रले सम्मान गरिएको छ । शनिबार काठमाडौंमा आयोजित वार्षिकोत्सवमा आश्रमका अध्यक्ष रामजी अधिकारी र महासचिव सुशीला (रुपा) केसीलाई सम्मान गरिएको हो ।

मानवसेवा आश्रमले सहयोगापेक्षी सडक आश्रित मानवहरुको उद्दार र संरक्षणमा खेलेको भूमिकाको मूल्यांकन गर्दै कदरपत्रले सम्मानित गरिएको छ । वरिष्ठ नेत्र विशेषज्ञ डा. सन्दुक रुईतले अधिकारी र केसीलाई कदरपत्र प्रदान गर्नुभएको थियो ।

हेल्प नेपाल नेटवर्कले वरिष्ठ मुटुरोग विशेषज्ञ डा. भगवान कोइराला, समाजसेवी सविता उप्रेतीलगायतलाई पनि सम्मान गरिएको मानवसेवा आश्रमका अभियन्ता होमनाथ पौडेलले जानकारी दिनुभयो । मानवसेवा आश्रमले सडकआश्रित मानवमुक्त अभियान सञ्चालन गर्दै मानवता प्रवर्द्धनमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आइरहेको छ ।

हाल देशभर एक हजार ८ सय २६ जना मानवसेवा आश्रममा आश्रित छन् । यस्तै, १० हजार ९ सय ५६ जनाको उद्दार, ४ हजार ३ सय ५४ जनाको पारिवारिक पुनर्मिलन र ८ सय ९३ जनाको सामुदायिक पुनर्स्थापना गरिएको छ ।

हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्यावरोटरी

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

# नवसर्जकले मनायो चौथो वार्षिकोत्सव

समाज संवाददाता

हेटौंडाः नवसर्जक साहित्य चौतारी नेपालले संस्थाको चौथो वार्षिकोत्सव मनाएको छ । गत बिहीबार जुम एपमार्फत् रचना वाचन तथा शुभकामना आदानप्रदान कार्यक्रम आयोजना गर्दै वार्षिकोत्सव मनाएको हो ।

नवसर्जक साहित्य चौतारी नेपालकी अध्यक्ष प्रशन्ना चौलागाईंको अध्यक्षता तथा प्राडा देवी नेपालको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो । कार्यक्रममा नवनिर्वाचित ७ प्रदेशका अध्यक्षहरुले रचना वाचन गर्नुभएको थियो ।

कार्यक्रममा कोशी प्रदेशका अध्यक्ष रोशन गड्तौला, मधेश प्रदेशका अध्यक्ष अविजित राम, बागमती प्रदेशकी अध्यक्ष रोश्नी चौलागाईं, गण्डकी प्रदेशकी अध्यक्ष सुरक्षा गौतम, लुम्बिनी प्रदेशकी अध्यक्ष जोशिका कँडेल, कर्णाली प्रदेशका अध्यक्ष प्रकाश बराल र सुदूरपश्चिम प्रदेशका अध्यक्ष सन्दिप समर्पणले रचना वाचन गर्नुभएको हो । सोही अवसरमा नवसर्जक साहित्य चौतारीका महासचिव समर्पण न्यौपानेले संस्थाको ४ वर्षे यात्राको प्रगति विवरण प्रस्तुत गर्नुभएका थियो । कार्यक्रममा साहित्यकार प्रमोद प्रधान, प्राडा ध्रुवकुमार घिमिरेलगायतको आतिथ्य रहेको थियो ।

# श्वासप्रश्वासमा समस्या भएपछि बिमलाको मृत्यु

समाज संवाददाता

हेटौंडा : हेटौंडा-१४, भोलनटोलकी १८ वर्षीया बिमला डिम्डुङको मृत्यु भएको छ । मनहरी गाउँपालिका-२, टाडी घर भई हाल मामाघर बस्दै आएकी बिमलालाई श्वासप्रश्वासमा समस्या भएपछि शनिबार दिउँसो ४ बजेको समयमा हेटौंडा अस्पताल पुर्‍याइएको थियो ।

मामा गंगाराम मोक्तानको घरमा बस्दै आएकी १८ वर्षीया बिमला डिम्डुङ स्वासप्रश्वासको बिरामी भई उपचारका लागि हेटौंडा अस्पताल ल्याएकोमा उपचार पश्चात थप उपचारका लागि सिएमसी चुरेहिल अस्पताल पुर्‍याइएको थियो । चुरेहिल अस्पतालमा उपचारको क्रममा साँझ ५ बजेर ५ मिनेटको समयमा बिमलाको मृत्यु भएको प्रहरीले जनाएको छ । मृतक बिमलाका बुबा कारागारमा रहेको र आमा बैदेशिक रोजगारीको सिलसिलामा जोर्डन रहेको प्रहरीले जानकारी दिएको छ ।

# २४ जनाले रक्तदान गरे

समाज संवाददाता

हेटौंडा : हेटौंडा-५ स्थित हेटौंडा सिटी कलेजमा आइतबार रक्तदान कार्यक्रम भएको छ । कार्यक्रममा २४ जनाले रक्तदान गरेका छन् ।

कलेजका विद्यार्थी, प्राध्यापक र कर्मचारीले रक्तदान गरेका थिए । रक्तदान कार्यक्रममा रक्तसञ्चार केन्द्रको प्राविधिक सहयोग रहेको छ । कलेजले स्वास्थ्य सचेतनाका लागि हरेक साता विभिन्न कार्यक्रम गर्दै आएको छ । गत साता आइतबार दन्त शिविरको आयोजना गरिएको थियो ।

समृद्ध समाज
राष्ट्रिय दैनिक
www.samriddhasamaj.com.np

परिचय बचत तथा ऋण सहकारी संस्था लिमिटेडको

वार्षिक साधारणसभा सम्बन्धी सूचना

उपरोक्त सम्बन्धमा यस परिचय बचत तथा ऋण सहकारी सस्था लि.को मिति २०८१/०८/०५ गते बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार संस्थाको १५ औं वार्षिक साधारणसभा तथा ५औं अधिवेशन तपसिलको मिति, स्थान र समयमा हुने भएकाले अनिवार्य उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौं ।

**प्रस्तावहरू**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्युले गर्नु हुने वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।
२. आ.ब. २०८०/०८१ को लेखापरीक्षण प्रतिवेदन माथि छलफल गरी पारित गर्न ।
३. आ.ब. २०८१/०८२ को लेखापरीक्षण गर्ने लेखा परीक्षक नियुक्ति र निजीको पारिश्रमिक निर्धारण गर्ने ।
४. सञ्चालक समितिले हालसम्म गरेको निर्णयलाई अनुमोदन गर्ने ।
५. निर्णय पुस्तिकामा हस्ताक्षर गर्न सदस्यहरुबाट प्रतिनिधी चयन गर्ने ।
६. विनियम संशोधन सम्बन्धमा
७. संस्था एकीकरण सम्बन्धमा
८. कार्यक्षेत्र र उद्देश्य थप (विस्तार) सम्बन्धमा
९. नीति तथा कार्यविधिहरु पारित सम्बन्धमा
१०. पाँचौं अधिवेशन सम्बन्धनमा
११. विविध सम्बन्धमा

**तपशिल**

मिति : २०८१/०९/२० गते
स्थान : वनस्खण्डी मन्दिरको सभाहल, हेटौंडा-२
समय : बिहान ११:०० बजे

परिचय बचत तथा सहकारी संस्था लि.
हेटौंडा-२, मकवानपुर

# ज्योति माविले मनायो ५८ औं विद्यालय दिवस

समाज संवाददाता

हेटौंडाः हेटौंडा-१८, हर्नामाडीस्थित ज्योति माध्यमिक विद्यालयले ५८ औं विद्यालय दिवस मनाएको छ । विद्यालयले साताव्यापी कार्यक्रम आयोजना गर्दै दिवस मनाएको हो ।

शुक्रबार विद्यालय व्यवस्थापन समितिका अध्यक्ष हर्क रम्तेलको अध्यक्षता कार्यक्रम समापन गरिएको छ । समापन समारोहमा हेटौंडा उपमहानगरपालिका वडा नम्बर १८ का वडाध्यक्ष अनिलकुमार बानियाँको प्रमुख आतिथ्य थियो ।

दिवसको अवसरमा राप्ती डेन्टल क्लिनिकका दन्तरोग विशेषज्ञको प्राविधिक सहयोगमा दन्त शिविर कार्यक्रम आयोजना गरिएको छ । शिविरमा शिक्षक, विद्यार्थी, अभिभावकहरुले निःशुल्क दन्त परीक्षण गराएका छन् ।

उत्कृष्ट नतिजा हासिल गराउन सफल शिक्षकलाई सम्मानित गरिएको छ । विद्यालय दिवसकै अवसरमा लायन्स क्लब अफ काठमाडौं, बुद्धनगरले विद्यालयका विपन्न तथा जेहेन्दार विद्यार्थीलाई शैक्षिक सामग्री हस्तान्तरण गरेको छ ।

विद्यालय दिवसको अवसरमा आयोजित खेलकुद प्रतियोगितामा विजेता विद्यार्थीलाई मेडल तथा प्रमाणपत्र वितरण गरिएको छ । शैक्षिक सत्र २०८० मा कक्षागत प्रथम, द्वितीय, तृतीय हुने विद्यार्थीलाई स्टेशनरी सामग्रीले पुरस्कृत गरिएको छ ।

कार्यक्रममा राष्ट्रिय परीक्षा बोर्डको हेटौंडा शाखा प्रमुख कृष्णप्रसाद घिमिरे, मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकूलपति प्रोफेसर डा. प्रदिप ज्ञवाली, डिन दुर्गाकुमारी खड्का मिश्र, असिस्टेन्ट प्रोफेसर सुपेन्द्र कार्की, लायन्स क्लब अफ काठमाडौंका पदाधिकारी, राप्ती डेन्टल क्लिनिकका डाक्टरलगायतको उपस्थिति रहेको थियो ।

# गोली हानेर हत्या गर्ने ३ जना पक्राउ

समाज संवाददाता

हेटौंडाः बारा जिल्लाको जितपुर सिमरा उपमहानगरपालिका-११ स्थित बकुलियामा गोली हानेर हत्या गरेको आरोपमा प्रहरीले ३ जनालाई पक्राउ गरेको छ । गत शनिबार बकुलियादेखि रमौली लोसन्डा जाने सडकखण्डको छेउमा बागमती प्रदेश ०१-०२८ च ७६१६ नम्बरको इभी कार चालक राजकुमार रुम्बाको हत्या भएको जिल्ला प्रहरी कार्यालय बाराले जारी गरेको विज्ञप्तिमा उल्लेख गरिएको छ ।

कार चालक बेहोस अवस्थामा रहेको सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय बारा र इलाका प्रहरी कार्यालय सिमराबाट खटिएको टोली पुग्दा रुम्बा मृत अवस्थामा फेला परेका थिए । शवको पोष्टमार्टम गर्दा टाउकोबाट एक थान गोली फेला परेको प्रहरीले जानकारी दिएको छ ।

अनुसन्धानको क्रममा सिमरा उपमहानगरपालिका-१९ घर भई हाल जय माँ इन्जिनियरिङ वर्कसपका सञ्चालक २७ वर्षीय पुरुषोत्तमकुमार दास, २० वर्षीय ईन्द्रजितकुमार चौहान र महोत्तरी जिल्लाको जलेश्वर नगरपालिका-३ घर भई सिमरा विमानस्थल कार्यालयमा कार्यरत राष्ट्रिय अनुसन्धान विभागका अनुसन्धान अधिकृत श्रीकान्त तिवारीलाई प्रहरीले पक्राउ गरेको छ ।

प्रहरीले उनीहरुको साथबाट सुनको सिक्री, पर्स, मोबाइल ६ थान र ना १३ प ५४७ नम्बरको मोटरसाइकल बरामद गरेको जिल्ला प्रहरी कार्यालय बाराले जारी गरेको विज्ञप्तिमा उल्लेख गरिएको छ ।

# लागूऔषधसहित महिला पक्राउ

समाज संवाददाता

हेटौंडाः लागूऔषधसहित एक जना महिलालाई प्रहरीले पक्राउ गरेको छ । शनिबार राति ११ बजेर ३० मिनेटको समयमा लागूऔषधसहित महिलालाई जिल्ला प्रहरी कार्यालय बाराका प्रहरीले पक्राउ गरेको हो ।

बाराको जीतपुर सिमरा उपमहानगरपालिका वडा नम्बर-१ स्थित प्रहरी चौकी पथलैयाबाट खटिएको प्रहरी टोलीले गौरबाट काठमाडौंतर्फ जाँदै गरेको बा.प्र.०१-००६ ख ५१५९ नम्बरको यात्रुबाहक बसलाई रोकी सुरक्षा जाँच गर्दा बसको डिक्कीमा लुकाईछिपाई ल्याएको १२ डिम्बा लागूऔषध बरामद गरेको जिल्ला प्रहरी कार्यालय बाराले जानकारी दिएको छ । नोरफिन-१२०० पिस इन्जेक्सन, ड्राइजोपाम-१२०० पिस इन्जेक्सन र फेनारगल-१२०० पिस इन्जेक्सन ओसारपसारमा संग्लन रहेकी रौतहट जिल्लाको कटहरिया नगरपालिका-७ बस्ने अन्दाजी २१ वर्षीया मुस्कानकुमारी दासलाई नियन्त्रणमा लिई आवश्यक कानुनी प्रक्रिया अगाडि बढाइएको प्रहरीले जानकारी दिएको छ ।

फोहोरमैलाको उचित व्यवस्थापन गरौं

- सडक र सार्वजनिक स्थानमा फोहोर नफालौं,
- घर, अस्पताल, होटल, उद्योग तथा कार्यस्थलबाट निस्किएको फोहोर उचित व्यवस्थापन गरौं ।
- कुहिने र नकुहिने फोहोरलाई छुट्टाछुट्टै राखौं,
- कुहिने फोहोरलाई घरमा नै मल बनाई प्रयोग गरौं,
- पुनः प्रयोग हुन सक्ने वस्तु (जस्तै–प्लाष्टिकका डिब्बा, झोला आदि) पुन प्रयोग गरौं,
- फोहोरलाई तोकिएको स्थान र समयमा मात्र विसर्जन गरौं,
- प्लाष्टिक वा अन्य वस्तु प्रयोग वा उपयोग गरिसकेपछि प्लाष्टिक लगायतका बट्टा वा खोल जथाभावी नफालौं,
- फोहोरमैलाको व्यवस्थापनमा सबै जुटौं,

शहर तथा गाउँ स्वच्छ र सफा राखौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगाना: हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशक: रोजिना श्रेष्ठ, सम्पादक: सुरेश श्रेष्ठ